शैल्यशिखर नगरपालिका द्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ४ मितिः २०७९/०४/१०

भाग-१

शैल्यशिखर नगरपालिका

## शैल्यशिखर नगरपालिकाको नगर योजना आयोग ऐन, २०७९

| | |
|---|---|
| नगरसभाबाट स्वीकृत मिति | २०७९।०३।३२ |

Shailyasikhar Municipality

# शैल्यशिखर नगरपालिकाको नगर योजना आयोग ऐन २०७९

<u>प्रस्तावना</u>:शैल्याशिखर  नगरपालिकाको समग्र क्षेत्रको समानूपातिक तवरले विकास गर्नको निमित्त, नगर विकास नीति, दीर्घकालीन सोच, मध्यकालीन खर्च संरचना, योजना र कार्यक्रम तर्जुमा गर्न, अनुगमन मूल्यांकन गर्न र प्रमुखलाई आवश्यक राय परामर्श दिन शैल्याशिखर  नगरपालिकामा नगर योजना आयोगको गठन तथा कार्य सञ्चालन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी, नगरसभाले यो नगर योजना आयोग (गठन तथा संचालन) ऐन, २०७९ तयार गरेको छ ।

## परिच्छेद- १

## <u>(प्रारम्भिक)</u>

**<u>१. संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस ऐनको नाम "शैल्याशिखर  नगरपालिकाको,नगर योजना आयोग ( गठन तथा संचालन) ऐन, २०७९ " रहेको छ ।

(२) यो ऐन  स्थानीय राजपत्रमा प्रकाशित भएको मिति  देखि प्रारम्भ हुनेछ ।

<u>२. परिभाषा :</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

क) "आयोग" भन्नाले शैल्याशिखर  नगरपालिकाको नगर योजना आयोग सम्झनुपर्छ ।

ख) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनुपर्छ ।

ग) "उपाध्यक्ष" भन्नाले आयोगको उपाध्यक्ष सम्झनुपर्छ ।

घ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनुपर्छ ।

ङ) "सदस्य-सचिव" भन्नाले आयोगको सदस्य-सचिव सम्झनुपर्छ ।

च) "सचिवालय" भन्नाले आयोगको सचिवालयलाई सम्झनुपर्छ ।

छ) "कर्मचारी" भन्नाले आयोगको लागि तोकिएको कर्मचारी सम्झनुपर्छ ।

ज) "नगर कार्यपालिका" भन्नाले शैल्याशिखर  नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

झ) "नगरपालिका" भन्नाले शैल्याशिखर  नगरपालिकालाई सम्झनुपर्छ ।

ञ) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले यस ऐन अन्तर्गत आयोगले समय समयमा जारी गरेको निर्देशिका वा कार्यविधिमा तोकिए वमोजिम सम्झनुपर्छ ।

Shailyasikhar Municipality

## परिच्छेद - २

## (आयोगको गठन, बैठक, काम कर्तव्य र अधिकार)

**३. आयोगको गठनः** १) शैल्याशिखर नगरपालिकाको सर्वाङ्गीण विकासलाई दीगो, समावेशी र सन्तुलित तवरले अगाडि बढाउन दीर्घकालीन सोच, नगर विकास नीति, योजना तथा कार्यक्रम तर्जुमा तथा कार्यान्यवानमा सहजिकरण गर्न, नीतिको अनुसन्धान, अनुगमन, मुल्याकंन गर्न एक नगर योजना आयोग गठन हुनेछ ।

२) आयोगमा देहाय वमोजिम अध्यक्ष, उपाध्यक्ष र सदस्यहरु रहनेछन्:

क) शैल्याशिखर नगरपालिकाको नगर प्रमुख - अध्यक्ष

ख) शैल्याशिखर नगरपालिकाको नगर उपप्रमुख - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) नगरकार्यपालिकाबाट मनोनित एक जना - उपाध्यक्ष

ङ) नगर कार्यपालिकाबाट नियुक्त कम्तिमा एक महिला सहित बढीमा चार जना -सदस्य

च) योजना शाखा प्रमुख - सदस्य सचिव

३) आयोगले आवश्यकता अनुसार बिज्ञ व्यक्तिलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

४) उपदफा (२)को खण्ड (घ) र (ङ) बमोजिमका उपाध्यक्ष आयोगको पूर्णकालीन पदाधिकारीका रूपमा काम गर्नेछन् ।

५) उपदफा २ को खण्ड (घ) र (ङ) बमोजिमका सदस्यको नियुक्ति गर्दा देहायका विषय क्षेत्र लगायतको प्रतिनिधित्व हुने गरी विज्ञता र समावेशी आधारमा गरिनेछ :

क) आर्थिक विकास

ख) सामाजिक विकास

ग) भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा

घ) अन्य प्राकृतिक स्रोत र मानव स्रोत व्यवस्थापन

ङ) सुशासन तथा व्यवस्थापन

च) उद्योग, वाणिज्य तथा आपूर्ति

छ) कानून, न्याय तथा मानव अधिकार

ज) लैङ्गिक समानता तथा समाजिक समावेशीकरण

Shailyasikhar Municipality

४. **आयोगको बैठक :** (१) आयोगको बैठक महिनाको एक पटक बस्नेछ ।

(२) अध्यक्षको निर्देशनमा आयोगको सदस्य सचिवले आयोगको बैठक बोलाउनेछ ।

(३) आयोगको बैठकको अध्यक्षता आयोगको अध्यक्षले गर्नेछ ।

(४) आयोगमा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा आयोगको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) आयोगको बैठकमा बहुमतको निर्णय आयोगको निर्णय मानिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) आयोगको बैठकको निर्णय आयोगको अध्यक्ष बाट प्रमाणित गरिनेछ ।

(७) आयोगको बैठकमा आवश्यत्ता अनुसार कुनै पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(८) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **आयोगको कार्यसम्पादन वैठक :** (१) आयोगको नियमित मासिक बैठकबाट भएका निर्णहरुको कार्यन्वयन, सचिवालयको सञ्चालनको, नियन्त्रण, सुपरीवेक्षण एवं मूल्याँकनका लागि आयोगको नियमित बैठक प्रत्येक हप्ता बस्नेछ ।

(२) आयोगको कार्यसम्पादन बैठक उपाध्यक्षको निर्देशनमा आयोगको सदस्य सचिवले बोलाउनेछ ।

(३) आयोगको कार्यसम्पादन बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ र उपाध्यक्षको अनुपस्थितिमा आयोगका वरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) आयोगको कार्यसम्पादन बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

६. **आयोगको काम, कर्तव्य र अधिकार**ः आयोगको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछन्ः

क) नेपालको संविधान, संघीय तथा प्रदेश कानून, राष्ट्रले अवलम्बन गरेको नीति समेतका आधारमा सामाजिक न्यायको दृष्टिकोणबाट आम नागरिकलाई शैल्याशिखर  नगरको समग्र विकास प्रक्रिया र त्यसको प्रतिफलमा पहुंच अभिबृद्धि गराउने गरी नीति तथा योजना तर्जुमा गरी कार्यान्यवनका लागि सिफारिस गर्ने

ख) नगरपालिकाको विकासको सम्भावना र अवसरलाई वृहत्तर अध्ययन गरी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाको तर्जुमा गर्ने । आबत्रिक योजना तयार गर्दा १ बर्षे २ बर्षे र ५ बर्षे आबधिक योजना र्तजुमा गरीने छन ।

Shailyasikhar Municipality

ग) नगरपालिकाको आर्थिक, सामाजिक र विकासको समग्र पक्षको वारेमा तथ्याकं संकलन तथा प्रशोधन, अध्ययन अनुसन्धान गरी वा गराई सम्प्रेषण गराउने ।

घ) नगरपालिका भित्रको वडाहरुको सन्तुलित विकासको लागि आवश्यक विकास नीति र रणनीति तर्जुमा गर्ने ।

ड.) नगरपालिका भित्रको प्राकृतिक स्रोतको दीगो तथा कुशल व्यवस्थापनको लागि आवश्यक नीति तथा योजना बनाउने ।

च) नगरको कार्यक्षेत्र भित्रका राजश्व र आर्थिक आधिकरको प्रयोग गर्ने र प्रदेश तथा संघीय सरकार संग अनुदान,वैदेशिक सहायता र ऋण प्राप्त गर्ने सम्बन्धमा नगरको आवधिक ,मध्यकालीन वित्त संरचना तयार गर्ने ।

छ) नगरपालिकाको लागि आवश्यक मानव संसाधन विकासको लागि अल्पकालिन तथा दीर्घकालिन योजना तर्जुमा गर्ने ।

ज) नगरपालिका भित्र विपद व्यवस्थापनका लागि आवश्यक रणनीति तथा योजना तर्जुमा गर्ने ।

झ) नगरपालिकाको विकास गर्न १० वर्षे योजना ५ बर्षे कार्ययोजना, २० वर्षे दीर्घकालीन योजना तयार गर्ने र यसको आधारमा योजनाहरुको अध्ययन विस्लेषण गरि **आयोजना बैंक** तयार गर्ने ।

ञ) नगरपालिकाको आवधिक योजनाको आधारमा मध्यकालीन खर्च संरचना तयार गर्दै सोका आधारमा वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्न प्रमुखलाई आवश्यक सहयोग गर्ने ।

ट) नगरपालिकाले निर्णय गरेका विषयगत क्षेत्रहरुमा अध्ययन अनुसन्धान गर्ने तथा नगर कार्यपालिकाले निर्णय गरी तोकिएका विषयहरुमा विशेषज्ञ समूहको रुपमा कार्य गर्ने ।

ठ) नगरपालिकाले स्वीकृत गरी लागू गरेका नीति योजना तथा कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्ने ।

ढ) रास्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगसंग तथा संघीय तथा प्रादेशिक अर्थ मन्त्रालय संग सम्पर्क र समन्वय गर्ने ।

Shailyasikhar Municipality

## परिच्छेद - ३

## (उपाध्यक्ष तथा सदस्यको काम कर्तव्य र अधिकार)

**७. उपाध्यक्षको काम, कर्तव्य र अधिकार**: (१) उपाध्यक्षको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः

क) अध्यक्षको सहमतीमा नगर विकाश परिषदको बैठकको आव्हान र संचालन गर्ने,

ख) आयोगसँग सम्बन्धित काम समन्वयात्मक ढंगले सञ्चालन गर्ने, गराउने,

ग) नगरको समग्र आर्थिक स्थिति, चालु योजना र नगर प्राथमिकताका आयोजना र कार्यक्रमको कार्यान्वयनको स्थितिका बारेमा समय समयमा प्रमुखलाई जानकारी गराउने,

घ) आयोगको नियमित बैठकको मिति, स्थान र छलफलको विषय स्वीकृत गरी प्रमुख समक्ष पेश गर्ने,

ङ) आयोगले सम्पादन गर्नु पर्ने काम कारवाही बारे सदस्यको जिम्मेवारी तोक्ने र तोकिए बमोजिमका अन्य काम गर्ने गराउने,

च) मासिक रुपमा वार्षिक योजना नीति तथा कार्यक्रमको समिक्षा प्रतिवेदन तयार गर्ने तथा प्रत्येक चौमासिक मा नगर प्रमुखको उपस्थितिमा नगर विकाश आयोजनाको समस्या समाधान सम्बन्धि बैठकको आयोजना गरी कार्यक्रमको समिक्षा गर्ने

२) आयोगको नियमित काम कारवाहीहरु उपाध्यक्षको निर्देशन अनुरुप सञ्चालन हुनेछन् ।

**८. सदस्य-सचिवको काम, कर्तव्य र अधिकार**: सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) अध्यक्षको निर्देशन वमोजिम नियमित वैठक बोलाउने,

ख) आयोगको निर्णय पुस्तिका जिम्मा लिई आयोगको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने,

ग) आयोगको सम्पूर्ण काम कारवाहीलाई व्यवस्थित गर्ने र गराउने,

घ) आयोगको वैठकले तोकिए बमोजिमको अन्य काम गर्ने र गराउने,

ङ) आयोगका निर्णय प्रमाणित गर्ने,

च) आयोगले तोकेबमोजिम अन्य काम हुनेछ ।

**९. सदस्यको काम, कर्तव्य र अधिकार**: सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

Shaivasikhar Municipality

क) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित योजना तथा कार्यक्रमहरुमा राय दिने र आयोगमा पेश गर्ने,

ख) आफ्नो जिम्मेवारीको क्षेत्र सँग सम्बन्धित आयोजना तथा कार्यक्रमको सुपरिवेक्षण, अनुगमन तथा मल्यांकन गर्ने,

ग) यस ऐन र अन्य कानून बमोजिम कार्य गर्ने,

घ) उपाध्यक्षले तोकेका अन्य कार्यहरु गर्ने ।

**परिच्छेद - ४ (उपाध्यक्ष तथा सदस्यको सेवाका शर्त तथा सुविधा)**

१०. **योग्यता** : देहायका योग्यता भएको व्यक्ति आयोगको उपाध्यक्ष वा सदस्यमा नियुक्त हुन सक्नेछ :

(क) नेपाली नागरिक ।

(ख) ३४ वर्ष उमेर पुगेको,

(ग) उपाध्यक्षको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक उतिर्ण गरी ५ वर्षको विशिष्ठ अनुभव हासिल गरेको हुनुपर्ने र सदस्यको हकमा प्रबिणता प्रमाणपत्र तह वा ५ वर्ष अनुभव ,

(घ) कुनै फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(ङ) नियतबस बैंकको ऋण नतिरी प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको,

(च) मानसिक अवस्था ठीक भएको,

(छ) विदेशको आवासीय भिसा, डिभि, पीआर धारणा नगरेको,

(ज) प्रचलित कानून बमोजिम अयोग्य नभएको ।

११. **पद रिक्त हुने अवस्था** : देहायको अवस्थामा उपाध्यक्ष तथा नियुक्त सदस्यको पद रिक्त हुनेछ :

(क) नगरपालिका समक्ष आफ्नो पदबाट राजीनामा दिएमा,

ख) नियम १० बमोजिमको योग्यता कायम नरहेमा,

ग) नगर कार्यपालिकाले पदमुक्त गरेमा

(घ) पदावधि पुरा भएमा,

(ङ) निजको मृत्यु भएमा ।

Shaliyasikhar Municipality

**१२. शपथ :** आफ्नो कार्यभार सम्हाल्नु अघि उपाध्यक्षले अध्यक्ष समक्ष र नियुक्त सदस्यहरुले उपाध्यक्ष समक्ष अनुसूची **–** १ बमोजिमको ढाँचामा पद तथा गोपनियताको शपथ लिनु पर्नेछ ।

**१३. पदावधिः** (१) अयोगका उपाध्यक्ष तथा सदस्यहरुको पदावधि ५ वर्षको हुनेछ ।

(२) उपनियम (१) बमोजिमको पदावधि बाँकी रहेकै अवस्थामा आयोगको कुनै सदस्यको पद रिक्त रहन गएमा त्यसरी रिक्त रहन गएको स्थानमा बाँकी अवधिको लागि नगर कार्यपालिकाले रिक्त पदमा नियुक्त गर्न सक्नेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर कार्यपालिकाले आवश्यकता अनुसार सदस्य तथा उपाध्यक्षहरुलाई पदमुक्त गर्न सक्नेछ ।

**१२. सदस्यहरुलाई दिईने सुविधाः** आयोगका उपाध्यक्ष र सदस्यहरुलाई मासिक रुपमा अनुसूची**–** २ बमोजिम सुबिधा उपलब्ध हुनेछ ।

## परिच्छेद – ५ (विविध)

**१३. सचिवालय सम्बन्धी व्यवस्थाः** १) आयोगको दैनिक, प्रशासनिक काम कारवाहीलाई व्यवस्थित, संस्थागत र नतिजामूखी बनाउनको लागि आयोगको एक सचिवालय हुनेछ । नगरपालिकाको योजना शाखाले आयोगको सचिवालयको काम गर्नेछ ।

२) सचिवालयको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

क) आयोगले सम्पादन गर्ने काम कारवाहीमा सहयोग पुरयाउने,

ख) आयोगको वैठकको लागि प्रस्ताव तयार गर्न सहयोग गर्ने,

ग) आयोगको निर्णयहरु कार्यान्वयन गर्न सहयोग गर्ने,

घ) आयोगले तोकेबमोजिमको अन्य कामहरु गर्ने ।

**१४. कर्मचारी तथा बजेट सम्बन्धी व्यवस्थाः** कर्मचारी तथा बजेट सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः

क) आयोगमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन्,

ख) आयोगको लागि आवश्यक पर्ने सामान्य सेवाका कर्मचारीहरु नगरपालिकाको कर्मचारीहरु रहनेछन् ।

ग) आयोगको लागि आवश्यक बजेट नगर कार्यपालिकाले विनियोजन गरे बमोजिम हुनेछ ।

Shailyaskhar Municipality

**१५ नगर विकास परिषद गठन**: नगर योजना आयोगलाई निर्देशन तथा सुझाव दिन एवं आयोगले तर्जुमा गरेको अल्पकालीन, दीर्घकालीन वा आवधिक विकास योजना छलफलको लागि देहाय बमोजिमको एक नगर बिकाश परिषद गठन हुनेछ ।

क) नगर प्रमुखः अध्यक्ष

ख) सुदूरपश्चिम प्रदेशको मुख्यामन्त्रीः बिशिस्ट आमन्त्रित सदस्य

ग) नगर भित्रका संघ तथा प्रदेशका सांसदः आमन्त्रित सदस्य

घ) प्रदेश अर्थ तथा योजना मन्त्रालयको सहसचिब स्तरको प्रतिनिधिः सदस्य

ड.) नगर उपप्रमुखः सदस्य

च) प्रदेश नीति तथा योजना आयोगका सदस्यहरुः सदस्य

छ) ९ वटै वार्ड अध्यक्षः सदस्य

ज) प्रमुखले तोकेका निजि क्षेत्रका प्रतिनिधि २ जनाः सदस्य

झ) विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा योगदान पुर्याएका व्यक्तिहरु मध्येबाट आयोगद्वारा मनोनीत पाँच जना - सदस्य

ञ) प्रमुख प्रसासकिय अधिकृतः सदस्य सचिब

**१६) परिषद्को बैठक सम्बन्धी व्यवस्था**: (१) परिषद्को बैठक एक अवधिको योजना समाप्त भई अर्को अवधिको लागि तर्जुमा गरिएको योजनामा परामर्श गर्नको लागि बस्नेछ ।

(२) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्ष र निजको अनुपस्थितिमा परिषद्को उपाध्यक्षले गर्नेछ ।

(४) आयोगको सचिवले परिषद्को सदस्य-सचिव भई काम गर्नेछ ।

(५) परिषद्को बैठकमा सम्वद्ध पदाधिकारी तथा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) परिषद्को निर्णय आयोगको उपाध्यक्षले प्रमाणित गर्नेछ ।

(७) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**१७) नेपाल सरकार प्रदेश सरकार तथा अन्य नियोगहरुसँग सम्पर्क**: आयोगले नेपाल सरकार प्रदेश सरकार तथा अन्य विदेशी नियोगहरुसँग आवश्यकता अनुसार सम्पर्क गर्न सक्नेछ । साथै नेपाल स्थित विदेशी राजदूतावासहरुसंग पनि नेपाल सरकारसंग समन्वय गरी आयोगलाई तोकिएका काम, कर्तव्य तथा अधिकारको प्रयोग गर्न सक्नेछ तर प्रमुखको निर्देशन र जानकारी विना कुनैपनि सदस्यले विदेशी

Shailyasikhar Municipality

नियोग तथा नेपाल सरकारका निकायहरुसँग आयोग सम्बन्धी विषयमा व्यक्तिगत रुपमा सम्पर्क तथा समन्वय गर्न सकिनेछैन ।

१८) **सहयोग गर्नुपर्नेः** आयोगको काम कारवाहीलाई प्रभावकारी तथा व्यवस्थित बनाउन शैल्याशिखरनगरपालिका, नगर सभाका सदस्य, नगर कार्यपालिकाका सदस्य, विभिन्न समिति र कर्मचारीहरु समेतले आयोगको आवश्यकता बमोजिम सहयोग गर्नुपर्नेछ ।

१९) **समिति, उप-समिति कार्यदल गठन गर्न सक्नेः** आयोगले आफ्नो काम कारवाहीलाई थप गुणात्मक र प्रभावकारी बनाउन विभिन्न समिति, उप-समिति तथा कार्यदल गठन गरी निश्चित कार्य विवरण, समय र सेवा सुविधा तोकी काममा लगाउन सक्नेछ ।

२०) **सेवा करार वा परामर्श सेवामा काम लगाउन सक्नेः** आयोगले आवश्यकतानुसार कुनै संघ, संस्था, कम्पनी वा फर्ममार्फत सेवा करारमा वा परामर्श से वा लिई आयोगका कार्यक्षेत्रका कुनै कार्य गर्ने वा त्यस्तो कार्यको जिम्मे वारी तोकी काममा लगाउन सक्नेछ ।

२१. **प्रतिवेदन पेश गर्ने :** (१) आयोगले प्रत्येक वर्ष वार्षिक प्रतिवेदन तयार गरी नगर कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमे पेश गरेको प्रतिवेदन नगर कार्यपालिकाले नगर सभामा पठाउनेछ ।

(३) उपनियम (१) बमोजिमको प्रतिवेदन आयोगले सार्वजनिक गर्नेछ ।

(४) उपनियममा(१)बाहेक आयोगले मासिक र चौमासिक रुपमा प्रतिवेदन नियमित अध्यावधिक गर्नेछ ।

२२) **निर्देशिका वा कार्यविधि जारी गर्न सक्नेः** यस ऐनको उद्देश्य प्राप्तिका लागि आयोगले आवश्यक निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

२३.**अधिकार प्रत्यायोजन :** आयोगले यस आदेश बमोजम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार उपाध्यक्ष, सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२४) **खारेजी र संशोधनः**शैल्याशिखरनगरपालिका नगर कार्यपालिकाबाट यस ऐनमा आवश्यकता अनुसार संशोधन, थपघट वा खारेज गर्न सक्नेछ ।

Shailyasikhar Municipality

## अनुसूची- १
शपथको ढाँचा

म............................................................मुलुक, शैल्यशिखर नगरपालिका र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रहँदै शैल्यशिखर नगरपालिका योजना आयोगको ....................................पदको कामकाज प्रचलित कानुनको अधीनमा रही मुलुक, शैल्यशिखर नगरपालिका र जनताको सोझो चिताई कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताकासाथ गर्नेछु र आफ्नो कर्तव्यपालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानुनकोपालना गर्दाबाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

नाम, थरः.. ..........................................

Shailyasikhar Municipality

## अनुसूची-२

### आयोगका पदाधिकारीहरुको सेवा र सुबिधा देहाय बमोजिम हुनेछ

१) आयोगका पधाधिकारी तथा सदस्यहरुले बैठक भत्ता वापत तालिम निर्देशिका अनुसारको भत्ता पाउनेछन् ।

२) उपाध्यक्षलाई मासिक तलव वापत नेपाल सरकारको अधिकृत सरहको सेवा सुबिधा उपलब्ध गराइनेछ , सदस्यहरुको हकमा ना.सु.सरह सेवा सुविधा उपलब्ध गराइने छ ।

३) इन्धन खर्च बापत उपाध्यक्षलाई मासिक रु ३००० र सदस्यलाई रु १५०० उपलब्ध गराइनेछ ।

४) संचार तथा पत्रपत्रिका खर्च बापत मासिक रु १००० उपलब्ध गराइनेछ ।

५) नगर योजना आयोगको कामको सिलसिलामा भ्रमण गर्नु परेमा उपाध्यक्षले अधिकृत सरहको तथा सदस्यले नेपाल सरकारको ना.सु. सरहको भ्रमण भत्ता पाउनेछन् ।

प्रमाणिकरण मिति : २०७९।०३।३२

प्रकाशन मिति : २०७९।०४।१०

आज्ञाले

सुरेन्द्रबहादुर बिष्ट

प्रमुख प्रशासकीय अधिकृत

Shailyasikhar Municipality